# प्रार्थना र आराधना

विद्यार्थी प्रतिवेदनहरू
र
उत्तरपृष्ठहरू

तपाईंको अध्ययनको प्रत्येक एकाइलाई तपाईंले पूरा गर्नुभएपछि त्यस एकाइको निम्ति विद्यार्थी प्रतिवेदन उत्तरपृष्ठलाई भर्नुहोस्। प्रत्येक प्रश्नमा तपाईंको उत्तरलाई कसरी संकेत गर्ने भन्ने सम्बन्धमा तल मार्गदर्शन दिइएको छ। त्यहाँ दुइ किसिमका प्रश्नहरू छन्ः *ठीक-बेठीक र सबैभन्दा ठीक उत्तर छान्ने*।

**ठीक-बेठीक प्रश्नको उदाहरण**

*तलको बयान कित ठीक वा बेठीक छ।*

यदि बयान **ठीक** हो भने खाली *क* लाई कालो बनाउनुहोस्। **बेठीक** छ भने *ख* लाई कालो बनाउनुहोस्।

१ बाइबल हाम्रा निम्ति परमेश्वरको सन्देश हो।

*बाइबल हाम्रा निम्ति परमेश्वरको सन्देश हो* भनिने माथिको बयान **ठीक** हो, यसैले खाली ठाउँ क मा यसरी कालो लगाउनुहोस्।

१ [क] [ख] [ग] [घ]

**सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नको उदाहरण**

*सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नको उदाहरण तलको प्रश्नको निम्ति सबैभन्दा उत्तम एउटा उत्तर त्यहाँ छ। तपाईंले छान्नुभएको उत्तरको निम्ति दिइएको खाली ठाउँलाई कालो बनाउनुहोस्।*

२ नयाँ गरी जन्मनुको अर्थ हुन्छः

**क.** उमेरमा जवान हुनु।

**ख.** मुक्तिदाताको रूपमा येशूलाई ग्रहण गर्नु।

**ग.** नयाँ वर्ष शुरू गर्नु।

**घ.** बेग्लै मण्डली भेट्टाउनु।

ठीक उत्तर ख) *मुक्तिदाताका रूपमा येशूलाई ग्रहण गर्नु* भन्ने हो; यसैले खाली ठाउँ ख लाई तल देखाएझैं कालो बनाउनुहोस्।

२ [क] [ख] [ग] [घ]

## एकाइ एकको निम्ति विद्यार्थी प्रतिवेदन

*एकाइ एकको निम्ति सबै प्रश्नहरूको उत्तरलाई उत्तर पुस्तिकामा लेख्नुहोस्।* **मार्गदर्शन** *पृष्ठमा उदाहरणहरूलाई हेर्नुहोस् जसले तपाईंलाई आफ्ना उत्तरहरू कसरी दिनुपर्ने हो सो देखाउँछन्।*

### भाग १ – ठीक-बेठीक प्रश्नहरू

*तलको बयान कित ठीक वा बेठीक छ। यदि बयान ठीक हो भने*

खाली ठाउँ **क** लाई कालो बनाउनुहोस्।
बेठीक छ भने **ख** लाई कालो बनाउनुहोस्।

१ एकाइ एकका सम्पूर्ण पाठहरूलाई मैले ध्यानपूर्वक पढ़ेको छु।

२ हामीले *कसलाई* प्रार्थना गर्छौं भन्दा पनि *कसरी* प्रार्थना गर्छौं भन्ने कुरा अझै महत्त्वपूर्ण छ।

३ "परमेश्वर प्रेम हुनुहुन्छ" को अर्थ र "प्रेम नै परमेश्वर हो" को अर्थ एउटै हुँदैन।

४ प्रार्थना गर्दा, हामीले सबैभन्दा पहिले हाम्रै आवश्यकताहरूका बारेमा माग्नुपर्छ।

५ येशूको पुनरुत्थानसँगै परमेश्वरको योजनाको अन्त्य भयो।

६ ख्रीष्टियानको धार्मिक जीवन संसारका लागि आशिष हुन सक्छ।

७ एक व्यक्ति गरीब वा धनी जे भए पनि परमेश्वरका लागि यो महत्त्वपूर्ण हुन्छ।

८ स्वर्गको नागरिक उसको पार्थिव देशको नियमहरू पालन गर्नुपर्ने सम्बन्धमा चिन्तित हुनुपर्दैन।

## भाग २ – सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नहरू

*तलका प्रत्येक प्रश्नहरूको एउटै मात्र ठीक उत्तर हुन्छ। तपाईंले* **छान्नुभएको** *उत्तरको निम्ति तपाईंको उत्तरपुस्तिकामा उपलब्ध गराइएको खाली ठाउँलाई कालो बनाउनुहोस्।*

९ एक *मनमोजीले* प्रार्थना गर्दैन किनकि उसले विश्वास गर्छ कि
- क) सबै असल थोकहरू परमेश्वर हो।
- ख) उसका कुरा सुन्नका लागि त्यहाँ कुनै परमेश्वर छैन।
- ग) उसका आफ्ना विचारहरू मात्र महत्त्वपूर्ण हुन्छन्।

१० *प्रकृति पूजनमा* विश्वास गर्ने एक व्यक्तिले
- क) त्यहाँ कुनै परमेश्वर नै छैन भन्छ।
- ग) सबै धर्महरू एउटै हुन् भन्ने विश्वास गर्छ।
- घ) र डरबाट छुटकाराको आवश्यकताको महसूस गर्छ।

११ जनसमूहमा प्रार्थना गर्दा यो केका लागि महत्त्वपूर्ण हुन्छ?
- क) समूहलाई परमेश्वरको उपस्थितिमा लैजान।
- ख) तपाईंले भन्नुहुने कुरालाई कण्ठ गर्न।
- ग) गर्नुपर्ने समयभन्दा पहिल्यै अभ्यास गर्न।
- घ) मानिसहरूले तपाईंलाई सुनिरहेका छन् भनी याद गर्न।

१२ साँचो प्रार्थनाको अर्थ हुन्छ कि हामीले
- क) धेरै समय मण्डलीमा बिताउँछौं।
- ख) परमेश्वरको राज्यलाई प्राथमिकता दिन्छौं।
- ग) हाम्रा बिन्तीहरू दोहोर्‍याएर परमेश्वरलाई उत्प्रेरित गर्छौं।
- घ) लामो शब्दहरू बोलेर ठूलो परिश्रम गर्ने कोशिश गर्छौं।

१३ कुनै पनि व्यक्ति केद्वारा बचाइन्छ?
- क) मद्दतको निम्ति परमेश्वरसँग पुकारा गरेर।
- ख) घरीघरी मण्डलीमा गएर।
- ग) बाइबल पढ़ेर।
- घ) आफू बाँच्नेछु भन्ने सोचेर।

१४ परमेश्वरका परिवारमा हुने सबै मानिसहरू
क) उस्तै हुन्छन्।
ख) उही देशमा बस्छन्।
ग) परमेश्वरलाई आफ्ना पिता मान्छन्।
घ) उही जातिका हुन्छन्।

१५ *प्रार्थना र आराधनाका* सम्बन्धमा, *प्रार्थना* केसँग बढ़ी सरोकारित छ?
क) परमेश्वरलाई प्रशंसा।
ख) मानिसहरूका आवश्यकताहरू।
ग) परमेश्वरमा आनन्द मनाउने कुरा।
घ) परमेश्वरलाई आदर गर्ने कुरा।

१६ *प्रार्थना र आराधनाका* सम्बन्धमा, *आराधना* केसँग बढ़ी सरोकारित छ?
क) बिन्तीहरू चढ़ाउने।
ख) प्रतिज्ञाहरूलाई दावी गर्ने।
ग) मानिसहरूका आवश्यकताहरू।
घ) परमेश्वरलाई महिमा गर्ने।

१७ एक ख्रीष्टियानले आफू स्वर्गको नागरिक हो भनी कसरी देखाउँछ?
क) समस्याहरू हुँदैन भनेर।
ख) धेरै गरीब भएर।
ग) जहाँ उसको धन-सम्पत्ति हुन्छ।
घ) दुःख-कष्ट नभोगेर।

१८ ख्रीष्टियानका लागि स्वर्ग महत्त्वपूर्ण ठाउँ हो किनकि यो
क) एक सुन्दर विचार हो।
ख) एक राम्रो सपना हो।
ग) वृद्ध मानिसहरूका निम्ति हो।
घ) उसका पिता हुनुभएको ठाउँ हो।

१९ एक ख्रीष्टियानले कसरी संसारलाई प्रभाव पार्न सक्छ?
क) यसका नियमहरूलाई बेवास्ता गरेर।

ख) धनी र शक्तिशाली बनेर।
ग) परमेश्वरको योजना बुझ्न यसलाई मद्दत गरेर।
घ) यसका मामिलामा धेरै व्यस्त बनेर।

२० एक *सर्वमोक्षवादीको* विश्वास के हो?
क) परमेश्वर भनेको मानिसको मनमा भएको एक विचार हो।
ख) परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ।
ग) एक मात्र परमेश्वर साँचो परमेश्वर हो।
घ) सबै असल थोक परमेश्वर हो।

***एकाइ एकको निम्ति मागहरूको अन्त्य।*** *तपाईंको उत्तरपृष्ठमा बाँकी रहेका निर्देशनहरूलाई पालना गर्नुहोस् र यसलाई तपाईंको क्षेत्रका आई सी आई प्रशिक्षककहाँ वा कार्यालयमा पठाउनुहोस् र एकाइ दुइको आफ्नो अध्ययनलाई शुरू गर्नुहोस्।*

# एकाइ दुइको निम्ति विद्यार्थी प्रतिवेदन

*एकाइ दुइको निम्ति सबै प्रश्नहरूका उत्तरलाई उत्तरपुस्तिकामा लेख्नुहोस्। **मार्गदर्शन** पृष्ठमा उदाहरणहरूलाई हेर्नुहोस् जसले तपाईंलाई आफ्ना उत्तरहरू कसरी दिनुपर्ने हो सो देखाउँछन्।*

## भाग १ – ठीक-बेठीक प्रश्नहरू

*तलको बयान कित ठीक वा बेठीक छ। यदि बयान ठीक हो भने*

खाली ठाउँ **क** लाई कालो बनाउनुहोस्।
बेठीक छ भने **ख** लाई कालो बनाउनुहोस्।

१ एकाइ दुइका सम्पूर्ण पाठहरूलाई मैले ध्यानपूर्वक पढ़ेको छु।

२ येशूलाई आराधना नगरीकन नै हामी परमेश्वरलाई आराधना गर्न सक्छौं।

३ परमेश्वरलाई सेवा गर्दै हामी व्यस्त हुन सक्छौं।

४ विश्वासीमाथि शैतानको अब कुनै शक्ति छैन।

५ परमेश्वरको राज्य स्वर्गमा मात्र छ।

६ एकसाथ भेला हुनु विश्वासीहरूका निम्ति महत्त्वपूर्ण छैन।

७ विश्वासीको निम्ति समस्या असल हुन सक्छ।

८ विश्वासका मानिसहरूले कहिल्यै दुःख भोग्दैनन् भनी हिब्रू ११ ले हामीलाई देखाउँछ।

## भाग २ – सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नहरू

*तलका प्रत्येक प्रश्नहरूको एउटै मात्र ठीक उत्तर हुन्छ। तपाईंले छान्नुभएको उत्तरको निम्ति तपाईंको उत्तरपुस्तिकामा उपलब्ध गराइएको खाली ठाउँलाई कालो बनाउनुहोस्।*

९ उहाँका नागरिकहरूका रूपमा परमेश्वरले हामीबाट चाहनुहुने कुरा के हो?
 क) कठोर आज्ञाकारिता।
 ख) व्यस्त सेवा।
 ग) आदर र प्रेम।

१० कोरिन्थको मण्डली विभाजित भएको थियो किनकि
 क) तिनीहरूसँग थुप्रै बेग्लाबेग्लै शिक्षकहरू थिए।
 ख) तिनीहरूले परमेश्वरलाई भन्दा मानिसहरूलाई बढ़ी आदर गरेका थिए।
 ग) तिनीहरू एक-अर्काका बारेमा सरोकारित थिए।
 घ) तिनीहरूसँग केही दुष्ट शिक्षकहरू थिए।

११ शैतानले अब विश्वासीहरूमाथि शासन गर्न सक्दैन किनकि
 क) ख्रीष्टले विश्वासीमाथि शासन गर्नुहुन्छ।
 ख) कसैले पनि विश्वासीमाथि शासन गर्दैन।
 ग) विश्वासी आफूले आफूमाथि शासन गर्छ।

१२ परमेश्वरका प्रतिज्ञाहरूमाथि भरोसा राख्न सकिन्छ भनी हामीलाई थाहा छ किनकि
 क) हामीले उहाँका प्रतिज्ञाहरूलाई बुझेका छौं।
 ख) उहाँले तिनीहरूका लागि "आफ्नो नामको हस्ताक्षर" दिनुभएको छ।
 ग) तिनीहरूले असल कुराहरूको प्रतिज्ञा गर्छन्।

१३ परमेश्वरको राज्य कहिले शुरू हुन्छ?
 क) ख्रीष्ट फेरि आउनुहुँदा।

ख) न्यायको दिनमा।
ग) विश्वासीहरूका हृदयहरूमा।

१४ परमेश्वरको राज्यको समय
क) उहाँले शासन गर्नुहुने विश्वासीहरूका हृदयमा अहिले मात्र हो।
ख) विश्वासीहरूमा अहिले र येशू फर्कनुहुँदा पनि हुनेछ।
ग) संसारलाई शासन गर्नका लागि येशू फर्कनुहुँदा मात्र हुन्छ।

१५ महान् आज्ञा ती व्यक्तिहरूलाई दिइएको छ
क) जो येशूद्वारा बोलाइएका छन्।
ख) जसले असल शिक्षा हासिल गरेका छन्।
ग) जसले मण्डलीका नियमहरू जान्दछन्।
घ) जसले बप्तिस्माको अर्थलाई बुझेका हुन्छन्।

१६ प्रकाश १:९-२० बाट हामी सिक्छौं कि येशू
क) वास्तविक सामदानहरूका बीचमा हिँड्डूल गर्नुहुन्छ।
ख) ले मण्डलीहरूमा चासो राख्नुहुन्न।
ग) ठूला मण्डलीहरूमा मात्र आउनुहुन्छ।
घ) ले विश्वासीहरू एकसाथ भेट्ने कुरालाई मान्यता दिनुहुन्छ।

१७ हामीले केका बारेमा प्रार्थना गर्नु आवश्यक छ?
क) हामीले बनाउने प्रत्येक किसिमको निर्णय।
ख) परमेश्वरको योजनालाई सहयोग वा बाधा नपार्ने कुरा।
ग) परमेश्वरको राज्यमा असर गर्ने थोकहरू।

१८ एक विश्वासीले परमेश्वरको इच्छाको निम्ति प्रार्थना गर्न सक्छ किनकि
क) पवित्र आत्माले उसलाई मद्दत गर्नुहुन्छ।
ख) भन्नुपर्ने ठीक शब्दहरू उसलाई थाहा छ।
ग) उसले घरीघरी विचार गर्ने कुरा यही नै हो।

१९ तल दिइएको कुनचाहिँ वाक्यांशले पूर्ण प्रतिबद्धताको प्रार्थनालाई अभिव्यक्त गर्छ?

क) "यदि तपाईंले मलाई रोगबाट बचाउनुभयो भने म विश्वासी हुनेछु।"

ख) "जे भए तापनि म तपाईंको इच्छा पूरा गर्नेछु।"

ग) "यदि मानिसहरूले मलाई आदर गरे भनें, म तपाईंको निम्ति काम गर्नेछु।"

घ) "यदि मेरा मित्रहरूले यो राम्रो विचार हो भनी सोचे भने म तपाईंलाई पछ्याउनेछु।

२० तल दिइएको कुनचाहिँ प्रार्थनाले "यदि यो तपाईंको इच्छा भए" भन्ने शब्दहरूलाई समावेश गर्नैपर्छ?

क) "कृपया मेरी बहिनीलाई बचाउनुहोस्।"

ख) "तपाईंको राज्य आओस्।"

ग) "मलाई येशूजस्तै बनाउनुहोस्।"

घ) "मलाई दुःख-कष्टबाट छुटकारा दिनुहोस्।"

***एकाइ दुइको निम्ति मागहरूको अन्त्य।*** *तपाईंको उत्तरपृष्ठमा बाँकी रहेका निर्देशनहरूलाई पालन गर्नुहोस् र यसलाई तपाईंको क्षेत्रका आई सी आई प्रशिक्षककहाँ वा कार्यालयमा पठाउनुहोस् र एकाइ तीनको आफ्नो अध्ययनलाई शुरू गर्नुहोस्।*

# एकाइ तीनको निम्ति विद्यार्थी प्रतिवेदन

*एकाइ तीनको निम्ति सबै प्रश्नहरूका उत्तरलाई उत्तरपुस्तिकामा लेख्नुहोस्। **मार्गदर्शन** पृष्ठमा उदाहरणहरूलाई हेर्नुहोस् जसले तपाईंलाई आफ्ना उत्तरहरू कसरी दिनुपर्ने हो सो देखाउँछन्।*

## भाग १ – ठीक-बेठीक प्रश्नहरू

*तलको बयान कित ठीक कि बेठीक छ। यदि बयान ठीक छ भने*

खाली ठाउँ **क** लाई कालो बनाउनुहोस्।
बेठीक छ भने **ख** लाई कालो बनाउनुहोस्।

१ एकाइ तीनका सम्पूर्ण पाठहरूलाई मैले ध्यानपूर्वक पढ़ेको छु।

२ कसैले पनि प्रार्थना गरेर आफ्ना आवश्यकताहरू परमेश्वरले पूरा गर्नुहुन्छ भनी प्रतीक्षा गर्न सक्दैन।

३ दशांश दिने कुरा वास्तवमा आराधनाको भाग होइन।

४ क्षमा माग्नेहरूका निम्ति मात्र विश्वासीहरूले क्षमा दिन आवश्यक पर्छ।

५ स्व-केन्द्रित मानिसहरूका लागि एक-अर्कासँग शान्तिमा जिउन गाह्रो हुन्छ।

६ व्यवस्थाले यसलाई माग गरेका कारण एक विश्वासीले ठीकसँग जिउँदा ऊ परिपक्व भएको हुन्छ।

७ दुर्घटनाहरू, रोगबिमारहरू, र गरिबी जहिले पनि दुष्टताहरू हुन्।

८ एक ख्रीष्टियानमा अनन्त जीवन छ भन्ने तथ्य नै उसको सुरक्षा हो।

## भाग २ – सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नहरू

*तलका प्रत्येक प्रश्नहरूको एउटै मात्र ठीक उत्तर हुन्छ। तपाईंले छान्नुभएको उत्तरको निम्ति तपाईंको उत्तरपुस्तिकामा उपलब्ध गराइएको खाली ठाउँलाई कालो बनाउनुहोस्।*

९ एक विश्वासी र एक अविश्वासीका बीच उसका समर्थन आवश्यकताहरूप्रति भएको उसको प्रवृत्तिको भिन्नता यही हो कि एक विश्वासी
- क) उसका समर्थन आवश्यकताहरूका बारेमा सरोकारित हुँदैन।
- ख) का धेरै आवश्यकताहरू हुँदैनन्।
- ग) ले सबैभन्दा पहिले परमेश्वरको राज्यको खोजी गर्छ।
- घ) ले आफ्ना आवश्यकताहरू परमेश्वरलाई बताउनु पर्दैन।

१० "बाँड्चूँड़ गर्ने वरदान" पाएका विश्वासीहरू
- क) परमेश्वरका राज्यका निम्ति आफ्ना रुपियाँ-पैसा प्रयोग गर्छन्।
- ख) धेरै रुपियाँ-पैसाहरू दिन्छन्।
- ग) सँग धेरै रुपियाँ-पैसा हुँदैन।
- घ) सँग धेरै रुपियाँ-पैसा हुन्छ।

११ एक विश्वासी एक असल भण्डारे हो जब उसले
- क) व्यवस्थाले मागेअनुसार मात्र दिन्छ।
- ख) परमेश्वरले उसलाई धनी बनाउनुहुन्छ भन्ने आशामा दिन्छ।
- ग) आफैलाई र आफूसँग भएका सबै थोक परमेश्वरलाई दिन्छ।

१२ मत्ती ६:१४-१५ मा येशूले सिकाउनुभएझैं अरूहरूलाई क्षमा दिन सम्भव छ, यदि हामीले
- क) ईमानदारितासाथ उनीहरूलाई क्षमा दिन चाहयौं भने मात्र।
- ख) सर्वप्रथम परमेश्वरको राज्यलाई खोज्यौं भने मात्र।
- ग) तिनीहरूका भलाइमा चासो राख्यौं भने मात्र।
- घ) तिनीहरूसँग मित्रहरूको व्यवहार गर्‍यौं भने मात्र।

१३ एक व्यक्तिले के कुराअनुसार कुनै थोकहरू "असल" र कुनै थोकहरू "खराब" भनी न्याय गर्छ?
   क) उसको शिक्षाअनुसार।
   ख) उसको सामाजिक तहअनुसार।
   ग) ऊ बस्ने देशअनुसार।
   घ) उसको जीवनको केन्द्र के हो त्यसअनुसार।

१४ येशूले स्व-त्यागको क्रूसलाई जुवा भन्नुहुँदा उहाँले हामीलाई सिकाइरहनुभएको थियो कि
   क) यो उहाँसँग हामीले बाँड्ने भारी हो।
   ख) यो सहनुपर्ने अति कठिन कुरा हो।
   ग) यो हामीले एक्लै बोक्ने केही कुरा हो।
   घ) यो ख्रीष्टियानहरूले बोक्नुपर्ने कुरा होइन।

१५ एक विश्वासीले भित्रिया पवित्रता चाहन्छ भने उसले के खोज्नैपर्छ?
   क) धार्मिकता।
   ख) परमेश्वरको राज्य।
   ग) पवित्रता।
   घ) क्षमा।

१६ एफिसी ६:१४-१८ ले हामीलाई सिकाउँछ कि एक ख्रीष्टियान
   क) सिपाहीजस्तै देखिनुपर्छ।
   ख) सँग आत्माको तरवारमात्र हुनुपर्छ।
   ग) लाई परमेश्वरका सम्पूर्ण हातहतियारको आवश्यकता पर्छ।
   घ) सँग हातहतियारहरू छन् भने उसले प्रार्थना गर्नु आवश्यक पर्दैन।

१७ जीवन र विजय एक मण्डलीका सदस्यहरू हुन्। जे कुरा ठीक छ सो गर्नका लागि जीवनले विजयलाई अह्राउँछन् किनकि तिनीहरूको मण्डलीले त्यही नै सिकाउँछ। जीवनको आत्मिक प्रवृत्ति कसको जस्तो छ?
   क) शिशु।
   ख) जवान।
   ग) बयस्क।

१८ प्रेरित पावल चढ़ेको जहाज चकनाचूर भयो र उनी कुटिए। यी कुराहरू उनलाई भए किनकि

क) परमेश्वरले ती कुराहरू हुन दिनुभयो।
ख) उनले परमेश्वरको इच्छाअनुसार गरिरहेका थिएनन्।
ग) परमेश्वर उनीसँग प्रसन्न हुनुहुन्नथ्यो।
घ) उनमा पर्याप्त विश्वास थिएन।

१९ मरियम, एक ख्रीष्टियानले मन्त्रतन्त्र प्रयोग गरेर दुष्ट आत्माहरूको आफ्नो डरमाथि विजय हुने कोशिश गरिन्। यसको सट्टामा तिनले के गर्नैपर्छ?

क) अर्को घरमा सर्नु।
ख) आत्माहरू वास्तविक हुन् भनी विश्वास गर्ने कोशिश गर्नु।
ग) आफ्नो डरको बारेमा आफ्ना साथीहरूसँग कुराकानी गर्नु।
घ) परमेश्वरलाई अझै चिन्न र प्रेम गर्न सिक्नु।

२० प्रार्थना गर्नका लागि येशूले हामीलाई दिनुभएको मत्ती ६:९-१३ को प्रार्थनाले देखाउँछ कि हामीले

क) खानेकुराको निम्ति परमेश्वरसँग माग्नु आवश्यक छैन।
ख) परमेश्वरको नाउँ, राज्य र इच्छालाई पहिलो स्थानमा राख्नु आवश्यक छ।
ग) सधैंभरि छोटो प्रार्थनाहरू गर्नुपर्छ।
घ) हरेकपल्ट उही शब्द नै भन्नुपर्छ।

***एकाइ तीनको निम्ति मागहरूको अन्त्य।*** *तपाईंको उत्तरपृष्ठमा बाँकी रहेका निर्देशनहरूलाई पालन गर्नुहोस् र यसलाई तपाईंको क्षेत्रका आई सी आई प्रशिक्षककहाँ वा कार्यालयमा पठाउनुहोस्। अब तपाईंले यस पाठ्यक्रमको अध्ययनलाई सिध्याउनुभएको छ। तपाईंको अध्ययनको निम्ति अर्को पाठ्यपुस्तकलाई सिफारिस गर्न तपाईंका आई सी आई प्रशिक्षकसँग अनुरोध गर्नुहोस्।*